# रामपुर नगरपालिकाको एघारौ नगरसभामा

*प्रस्तुत*

# आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐन

रामपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल।
नगरसभामा पेश भएको मितिः २०७९ असार ११ गते
नगरसभाबाट पारित मिति:२०७९ असार ११ गते

"आर्थिक ऐन, २०७९/०८०"

**रामपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**<u>प्रस्तावना:</u>** रामपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामपुर नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस ऐनको नाम **"रामपुर नगरपालिकाको आर्थिक ऐन, २०७९"** रहेको छ ।

ख) यो ऐन २०७९ साल श्रावण १ गते देखि रामपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल  उपर गरिनेछ ।

३. **सम्पति करः** नगर क्षेत्र भित्रका पक्की घरजग्गा तथा संरचनामा अनुसूचि २ बमोजिम सम्पत्ति कर लगाइने र असुल गरिनेछ ।

४. **घर वहाल करः** रामपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ४ बमोजिम घर जग्गा वहाल कर ११ प्रतिशत लगाइने र असुल  गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ३ बमोजिम व्यवसाय कर लगाइने र असुल  उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** रामपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, सिसा र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ४  बमोजिमको कर लगाइने र असुल  उपर गरिनेछ ।

७. **सवारी साधन करः** रामपुर नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि—३ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** रामपुर नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि ४ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** रामपुर नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले वा सार्वजनिक जग्गामा व्यक्तिले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा कार्यविधि बनाई बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क□पूर्वाधार उपयोग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ। त्यसैगरी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग गरेवापतको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, जीप फ्लायर, माउन्टेन साईकिलिङ्ग, प्याराग्लाइडिङ, राफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, राफ्टीङ्ग सेवा, जीप फ्लायर, माउन्टेन साइकिलिङ, प्याराग्लाईडिङ, राफ्टीङ्ग संचालन गरेवापत अनुसूचि—३ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाद्धारा उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि ३ मा व्यवस्था भएअनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** रामपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची ५ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१७. **अपाङ्गग परिचय पत्र सिफारिश शुल्कः** अपाङ्गता भएका व्यक्तिहरुबाट (क र ख वर्ग – रातो र निलो) कुनै पनि सिफारीश वापत शुल्क लिइने छैन ।

## अनुसूचि– १

## मालपोत कर(भूमि कर)

**रामपुर नगरपालिका वडा नं. १ (साविक गाडाकोट गा.वि.स.वडा नं.१,२,५,६,७,८ र ९) अन्तर्गत**

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | स्याउलीबजार, ठुलीबेसी र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथी प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | साविक गाडाकोट गा.वि.स.वडा नं. १, २, ५, ६, ७, ८ र ९ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. ८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

**रामपुर नगरपालिका वडा नं.२ (साविक गाडाकोट गा.वि.स.वडा नं.३ र ४) अन्तर्गत**

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | भलायटार बजार क्षेत्र र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथी प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | खयरबोट र धनसारबारीको आसपास क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु.१२५। र सो भन्दा माथी प्रति रोपनी रु.२२। का दरले थप | |
| ग. | साविक गाडाकोट गा.वि.स.वडा नं.३ र ४ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

**रामपुर नगरपालिका वडा नं.३ (साविक दर्छा गा.वि.स.वडा नं.१,२,४, ५ र ६) अन्तर्गत**

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | रजघरा, गण्डकी ढिक, किर्तिपुर र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.१५०। र सो भन्दा माथी प्रति रोपनी रु.५५। का दरले थप | |

| | | | |
|---|---|---|---|
| ख. | बगाहा चनौली क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.२२ का दरले थप | |
| ग. | साविक दर्छा गा.वि.स.वडा नं. १, २, ४, ५ र ६ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

रामपुर नगरपालिका वडा नं.४ (साविक दर्छा गा.वि.स.वडा नं.३,७,८ र ९) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | खोप्टार, सदार्वत, ठुलोटार, बांगेपसल देविस्थान र कालीगण्डकी क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.२००। र सो भन्दा माथी प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | बडवान र काँसजरी क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु.११०। र सो भन्दा माथी प्रति रोपनी रु.३३ का दरले थप | |
| ग. | साविक दर्छा गा.वि.स.वडा नं.३, ७, ८ र ९ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

रामपुर नगरपालिका वडा नं.५ (साविक रामपुर गा.वि.स.वडा नं.३ र ४) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | बेझाँड बजार, मटेरी, बेझाँड खेत, सानीअमराई, कठान, र कालीगण्डकी क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु.३५०। र सो भन्दा माथी प्रति रोपनी रु.८३। का दरले थप | |
| ख. | कोईलीटारी, गौडान, बाँझबारी र राम्चे | न्यूनतम एक रोपनी सम्मको रु. २२०। र सो भन्दा माथी प्रति रोपनी रु. ७५। का दरले थप | |

| | | | |
|---|---|---|---|
| ग. | साविक रामपुर गा.वि.स.वडा नं.३ र ४ का राम्चे बन भन्दा दक्षिणका अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

रामपुर नगरपालिका वडा नं.६ (साविक रामपुर गा.वि.स.वडा नं.१,६,७ र ८) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | साविक रामपुर गा.वि.स. वडा नं.१, ६, ७ र ८ | न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथी प्रति रोपनी रु. ५५। का दरले थप | |

रामपुर नगरपालिका वडा नं. ७ (साविक रामपुर गा.वि.स.वडा नं. २, ५ र ९) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | साविक रामपुर गा.वि.स.वडा नं. ५ का सबै क्षेत्र, साविक रामपुर गा.वि.स. वडा नं.२ को मल्याङ्ग खेत क्षेत्र र साविक रामपुर गा.वि.स. वडा नं. ९ का फेदिया गचौंदी क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु. १६५।र सो भन्दा माथी प्रति रोपनी रु. ५५। का दरले थप | |
| ख. | साविक रामपुर गा.वि.स.वडा नं. २ र ९ अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. ८३। र सो भन्दा माथी प्रति रोपनी रु. ११ का दरले थप | |

रामपुर नगरपालिका वडा नं. ८ (साविक खालिवन गा.वि.स.वडा नं.१, २, ३, ४ र साविक गेझा गा.वि.स.वडा नं. १) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | साविक खालिवन गा.वि.स.वडा नं.१, २, ३, ४ र साविक गेझा गा.वि.स.वडा नं. १ अन्तर्गतका क्षेत्र साथै कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडोको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथी प्रति रोपनी रु. ५५। का दरले थप | |

| | | | |
|---|---|---|---|
| ख. | साविक खालिवन गा.वि.स. वडा नं. २ र ६ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

रामपुर नगरपालिका वडा नं.९ (साविक खालिवन गा.वि.स.वडा नं. ५, ७, ८ र ९) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | साविक खालिवन गा.वि.स.वडा नं. ५,७,८ र ९ का जब्गादी, अर्वासिं र रामपुर आर्यभञ्ज्याङ्ग(आलोक) मार्ग संग जोडिएका क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु.११०। र सो भन्दा माथी प्रति रोपनी रु.५५। का दरले थप | |
| ख. | साविक खालिवन गा.वि.स.वडा नं. ५, ७, ८ र ९का अन्य बाँकी क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु.८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

रामपुर नगरपालिका वडा नं. १० (साविक गेझा गा.वि.स.वडा नं. १, २, ३, ४, ५, ७, ८ र ९) अन्तर्गत

| क्र.सं. | क्षेत्र | मालपोत करको दर | कैफियत |
|---|---|---|---|
| क. | साविक गेझा गा.वि.स.वडा नं. १, ३, ६, ७, ८ र ९ का तल्लोथर, माथिल्लोथर, लगायतका समथर क्षेत्र | न्यूनतम एक रोपनी सम्मको रु. १५०। र सो भन्दा माथी प्रति रोपनी रु. ५०। का दरले थप | |
| ख. | साविक गेझा गा.वि.स.का बर्दले, हेक्लाङ्ग, रामटार लगायतका समथर क्षेत्र कालीगण्डकी करिडोर क्षेत्रसंग शाखा बाटोले जोडिएको २०० मिटर दाँया-बाँया | न्यूनतम एक रोपनी सम्मको रु. २००। र सो भन्दा माथी प्रति रोपनी रु.५५। का दरले थप | |
| ग. | साविक गेझा गा.वि.स.वडा नं. २, ४ र ५ का अन्य डाँडा भेग क्षेत्र | न्यनतम ५ रोपनी सम्मको रु. ८३। र सो भन्दा माथी प्रति रोपनी रु.११ का दरले थप | |

## अनुसूची—२
## सम्पत्ति कर

नगर क्षेत्र भित्रका घर तथा संरचनाले चर्चेको जग्गाको सम्पत्ति कर लिईनेछ ।सम्पत्ति कर निर्धारण देहाय वमोजिम गरिनेछः

- पक्की घर तथा संरचनाको प्रति बर्ग फुट निर्माण लागत रु १,५५० मानिनेछ ।
- जग्गा मुल्याङ्कनको हकमा रजिष्ट्रेशन प्रयोजनका लागि मालपोत कार्यालयले नगर क्षेत्रमा निर्धारण गरेको मूल्यलाई नै आधार मानिनेछ ।
- घर र जग्गाको मुल्य जोडी जम्मा करयोग्य सम्पत्तिको मुल्य निर्धारण गरिनेछ ।
- जम्मा सम्पत्तिको कर ०.०५ प्रतिशत निर्धारण गरी लिइनेछ ।
- संरचना ह्रास कट्टी प्रत्येक वर्ष २.५ प्रतिशतले घटाई सम्पत्ति कर लिइनेछ ।

**उदाहरणको लागिः**

= घर ११०० बर्गफुट (चार आना) * १५००

= १५,००,०००

त्यसैगरी जग्गाको प्रतिआना मालपोत मूल्याङ्कन

रु.५,००,००० का दरले ४ आनाको = २०,००,०००

जम्मा सम्पति ३५,००,०००*०.०५/११०

= ३५०००*०.०५

= १८३० रुपैया

## अनुसूचि ३

राजस्वका दरहरु

### आ.व. २०७९/८० का लागि प्रस्तावित कर/राजस्वका दरहरु

| क्र.सं | व्यवसायहरु दर्ता तथा नवीकरण | दर | कैफियत |
|---|---|---|---|
| | • दर्ता (नयाँ प्रमाणपत्र लिने) का लागि तपसिल बमोजिमको व्यवसाय शुल्क लाग्नेछ।<br>• तल उल्लेख गरेको नविकरण शुल्क यस बमोजिम र अन्यको हकमा व्यवसाय नवीकरणमा वार्षिक दर्ता रकमको ५०% शुल्क लाग्ने छ।<br>• पटके प्रकृतिका कार्यका लागि नगरपालिकामा तोकिएको शुल्क तिरी सूचिकृत गरिने छ। | शुल्क | |
| | **काठजन्य** | | |
| १ | फर्निसिङ पसल | ३,०००.०० | खुद्रा नभएको |
| २ | फर्निचर उद्योग (काष्ठ) | ४,०००.०० | |
| ३ | स:मिल | ५,१००.०० | |
| ४ | काठको ढुवानी शुल्क प्रति टयाक्टर | ३००.०० | |
| ५ | काठको ढुवानी शुल्क प्रति ट्रक | ८००.०० | |
| ६ | दाउराको ढुवानी शुल्क प्रति ट्रयाक्टर | १००.०० | |
| ७ | दाउराको ढुवानी शुल्क प्रति ट्रक | ५००.०० | |
| | **खाद्यान्य, फलफुल, तरकारी तथा अन्य** | | |
| ८ | डिपाटर्मन्टल स्टोर | ५,०००.०० | |
| ९ | मार्ट पसल | २,५००.०० | |
| १० | क. किराना पसल/कोल्ड स्टोर(थोक) | २,०००.०० | |
| | ख. किराना पसल/कोल्ड स्टोर(खुद्रा) | १,०००.० | |
| ११ | फुटपाथ टंकी | ५००.०० | |
| १२ | डेरी पसल | ७००.०० | |
| १३ | क. मासु पसल (थोक) | ३,५००.०० | |

| | | | |
|---|---|---|---|
| | ख. मासु पसल (खुद्रा) | २,२००.० | |
| १४ | फलफूल, तरकारी पसल | १,०००.०० | |
| १५ | आइस क्रिम/कुल्फी उद्योग | १,०००.०० | |
| १६ | पाउरोटी उद्योग | १,०००.०० | |
| १७ | जुस पसल | ८००.०० | |
| | **अन्य पसल** | | |
| १८ | साइनवोर्ड लेखाइ/आर्ट ग्यालरी | १,०००.०० | |
| १९ | सिलाई कटाई/वुटिक/हस्तकला उद्योग | १,०००.०० | |
| २० | हेयर कटिङ्ग | १,५००.०० | |
| २१ | चस्मा पसल | १,५००.०० | |
| २२ | गिफ्ट पसल | १,०००.०० | |
| २३ | पूजा सामाग्री पसल | १,०००.०० | |
| २४ | धागो, टांक, सिलाई सामाग्री पसल | ८००.०० | |
| २५ | क. फेन्सी पसल(थोक) | ४,०००.०० | |
| | ख. फेन्सी पसल(खुद्रा) | २,०००.०० | |
| २६ | क. कपडा पसल(थोक) | ४,०००.०० | |
| | ख. कपडा पसल(खुद्रा) | २,०००.०० | |
| २७ | व्यूटी पार्लर | १,६००.०० | |
| २८ | कस्मेटिक पसल | १,१००.०० | |
| २९ | हेलमेट पसल | १,०००.०० | |
| ३० | जुत्ता पसल | १,०००.०० | |
| ३१ | प्लाइउड, सिसा पसल | २,५००.०० | |
| ३२ | घुम्ती कपडा पसल पोके व्यापारी (मासिक) | २,०००.०० | |
| ३३ | घुम्ती प्लाष्टिक भाडा पोके व्यापारी (मासिक) | १,५००.०० | |
| ३४ | घुम्ती पसल माछा व्यापारी (मासिक) | १,०००.०० | |
| ३५ | सुन चाँदी पसल | | |

| | | | |
|---|---|---|---|
| क) | पूँजी २० लाखभन्दा कम | ४,०००.०० | |
| ख) | पूँजी २० लाखभन्दा बढी | ६,०००.०० | |
| ३६ | भाडा पसल | | |
| क) | पूँजी २० लाखभन्दा कम | २,०००.०० | |
| ख) | पूँजी २० लाखभन्दा बढी | ३,०००.०० | |
| ३७ | हार्डवयर पसल | | |
| क) | पूँजी २० लाखभन्दा कम सप्लायर्स भएमा | ४,०००.०० | खुद्रा हटाएको |
| ख) | पूँजी २० लाखभन्दा बढी सप्लायर्स भएमा | ६,०००.०० | खुद्रा हटाएको |
| ३८ | लोण्ड्री पसल | २,०००.०० | |
| | **खाजाघर, होटल सम्बन्धी** | | |
| ३९ | होटल लज | | |
| क) | १ देखि १० कोठासम्म | ३,०००.०० | |
| ख) | १० कोठा भन्दा बढी भएमा | १०,०००.०० | |
| ४० | रेष्टुरेन्ट/बार | २,०००.०० | |
| ४१ | क. मदिरा पसल (थोक) | ६,०००.०० | |
| | ख. मदिरा पसल (खुद्रा) | ३,०००.०० | |
| ४२ | मिष्ठान्न भण्डार | १,०००.०० | |
| ४३ | चियापसल, खाजा, सामान्य नास्ता घर | ५००.०० | |
| ४४ | टेण्ड हाउस/क्याटरिङ्क | ३,०००.०० | |
| ४५ | पाटी प्यालेस दर्ता | १०,०००.०० | |
| | **विविध पसलहरु** | | |
| ४६ | जिम हाउस | २,०००.०० | |
| ४७ | फन पार्क | | |
| क) | पूँजी २० लाखभन्दा कम | १०,०००.०० | |
| ख) | पूँजी २० लाखभन्दा बढी | १५,०००.०० | |
| ४८ | फुटसल | २,०००.०० | |

| | | | |
|---|---|---|---|
| ४९ | नृत्य तथा संगीत कला केन्द्र | १,२००.०० | |
| ५० | टाटु सेन्टर | १,५००.०० | |
| ५१ | स्नकुर हाउस | १,५००.०० | |
| ५२ | इट्टाभट्टा | १०,०००.०० | |
| ५३ | पेट्रोल पम्प | १०,०००.०० | |
| ५४ | क्रसर उद्योग | १०,०००.०० | |
| ५५ | गिट्टी बालुवा प्रशोधन केन्द्र | १०,०००.०० | |
| ५६ | स्टील र अल्मुनियम उद्योग | १,५००.०० | |
| ५७ | पानी उद्योग दर्ता | ६,०००.०० | |
| ५८ | पानी उद्योग सुचीकरण | ३,०००.०० | |
| ५९ | ग्रील उद्योग | | |
| क) | पूँजी १५ लाखभन्दा कम | २,५००.०० | |
| ख) | पूँजी १५ लाखभन्दा बढी | ४,०००.०० | |
| ६० | कलर ल्याब/फोटो स्टुडियो | १,५५०.०० | |
| ६१ | साउण्ड सिस्टम | २,०००.०० | |
| ६२ | प्लम्वीङ पसल/सेवा | २,१००.०० | |
| ६३ | ह्यूमपाइप उद्योग | ५,०००.०० | |
| ६४ | ब्लक उद्योग | ३,०००.०० | |
| ६५ | कुटानी/पिसानी/पेलानी/मसला तथा अन्य मझौला उद्योग | १,५००.०० | |
| ६६ | मैन बत्ति उद्योग (साना उद्योग) | ६००.०० | |
| ६७ | ग्यास सप्लायर्स | २,५००.०० | |
| ६८ | टेड्रर्स/सप्लायर्स | २,२००.०० | |
| ६९ | कलर हाउस/पेन्ट पसल | २,०००.०० | |
| ७० | कवाडी संकलन केन्द्र | ७,०००.०० | |
| | **बैङ्क/सहकारी/वित्तिय संस्था दर्ता तथा सूचिकरण शुल्क** | | |
| ७१ | बैंक तथा वित्तिय संस्था | | |

| | | | |
|---|---|---|---|
| क) | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक "क" र "ख" वर्ग | १०,०००.०० | |
| ख) | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय "ग" वर्ग तथा लघु वित्त समेतको कारोवार गर्ने सहकारी संस्था समेत | ८,०००.०० | |
| ग) | वित्तिय कम्पनी शाखा कार्यालय (घ) वर्गका | ५,०००.०० | |
| घ) | लघुवित्त संस्था | ४,०००.०० | |
| ङ) | वीमा कम्पनी, धितो पत्र कारोबार | ७,०००.०० | |
| च) | विदेशी मुद्रा सटही, रेमिट्यान्स | २,०००.०० | |
| छ) | मनि ट्रान्सफर | २,०००.०० | |
| ७२ | सहकारी संस्था दर्ता/सूचिकरण | | |
| क) | वचत तथा ऋण सहकारी दर्ता | ५,०००.०० | |
| ख) | वचत तथा ऋण सहकारी सूचिकरण | ३,०००.०० | |
| ग) | बचत तथा ऋण बाहेक अन्य सहकारी दर्ता | ३,०००.०० | |
| घ) | बचत तथा ऋण बाहेक अन्य सहकारी सूचिकरण | १,५००.०० | |
| | **शिक्षा तर्फ** | | |
| ७३ | निजी (संस्थागत) विद्यालय दर्ता | | |
| क) | मन्टेश्वरी | ५,०००.०० | |
| ख) | आधारभुत तह | ५,३००.०० | |
| ग) | माध्यामिक तह | ५,५००.०० | |
| घ) | क्याम्पस | ६,०००.०० | |
| ङ) | थपको कक्षा सिफारिस | १,०००.०० | |
| ७४ | कोचिङ्ग एवं एजुकेशन सेन्टर | २,२००.०० | |
| ७५ | भाषा सिकाई केन्द्र | २,२००.०० | |
| ७६ | कम्प्युटर इन्स्टीच्युट | २,२००.०० | |
| ७७ | स्टेशनरी पसल | २,०००.०० | |

| | | | |
|---|---|---|---|
| ७८ | कापी उद्योग | २,०००.०० | |
| ७९ | छापाखाना उद्योग | २,५००.०० | |
| | **सञ्चार तथा विधुतीय तर्फ** | | |
| ८० | केबल नेटवर्क | ७,०००.०० | |
| ८१ | एफ.एम. स्टेशन | २,२००.०० | |
| ८२ | रेडियो, टि.भी, इलेक्ट्रोनिक पसल | ३,५००.०० | |
| ८३ | मोबाइल पसल | ३,०००.०० | |
| ८४ | रेडियो, टि.भी मर्मत केन्द्र | ७००.०० | |
| ८५ | कम्प्युटर, प्रिन्टर पसल | २,५००.०० | |
| ८६ | विद्युत (इलेक्ट्रिकल) पसल | २,५००.०० | |
| | **सवारी साधन तर्फ** | | |
| ८७ | चारपाङ्ग्रे सवारी सूचिकृत दस्तुर | | |
| क) | बस, ट्रक, लरी, ट्रिपर र अन्य हेवी गाडी सुचीकरण | १,५००.०० | |
| ख) | मिनी बस | १,०००.०० | |
| ग) | भाडाका कार र जिप सुचीकरण | १,०००.०० | |
| घ) | नीजि कार र जिप सुचिकरण | ७००.०० | |
| ङ) | भाडाको टेम्पो, अटो रिक्सा दर्ता | ५,०००.०० | |
| च) | स्कुटर, मोटरसाइकल तथा अन्य २ पाङ्ग्रे सवारी साधन (इन्धनबाट चल्ने) | ५००.०० | |
| छ) | ठेलागाडी तथा रिक्सा दर्ता | ५००.०० | |
| ८८ | मेशीनरी औजारहरु सूचिकृतका लागि | | |
| क) | एक्साभेटर | १०,०००.०० | |
| ख) | भ्याकुलोडर | ७,०००.०० | |
| ग) | रोलर | ५,०००.०० | |
| घ) | ग्रेडर | ५,०००.०० | |
| ङ) | ट्र्याक्टर | २,०००.०० | |

| | | | |
|---|---|---|---|
| च) | ट्याङ्कर | १,५००.०० | |
| छ) | ढुवानीकर्ता कम्पनी (३/४ पाङ्ग्रे) | १,२००.०० | |
| | **सवारी साधन शोरुम तथा वर्कसप** | | |
| ८९ | मोटर साइकल वर्कसप | ३,०००.०० | |
| ९० | मोटर/स्पेयर पार्टस पसल | ३,०००.०० | |
| ९१ | रिकन्डिसन हाउस (२ पाङ्ग्रे) | २,५००.०० | |
| ९२ | साइकल विक्रि पसल | १,५००.०० | |
| ९३ | साइकल मर्मत पसल | १,०००.०० | |
| ९४ | मोटर साइकल शोरुम | ३,०००.०० | |
| ९५ | ट्र्याक्टर शोरुम | ६,०००.०० | |
| ९६ | ४ पाङ्ग्रे सवारी साधन शोरुम | ६,०००.०० | |
| ९७ | टायर पसल | १,२००.०० | |
| ९८ | लेथ हाउस | १,२००.०० | |
| ९९ | ड्राइभिङ्ग इन्स्टीच्युट | २,२००.०० | |
| | **संघ संस्था दर्ता/सूचिकरण** | | |
| १०० | संघ संस्था दर्ता (नगरस्तरीय कार्य क्षेत्र) | १,०००.०० | |
| १०१ | संघ संस्था सूचिकृत (नगरस्तरीय कार्य क्षेत्र) | ५००.०० | |
| १०२ | संघ संस्था दर्ता (वडास्तरीय कार्य क्षेत्र) | ५००.०० | |
| १०३ | संघ संस्था सूचिकृत (वडास्तरीय कार्य क्षेत्र) | २५०.०० | |
| १०४ | टोल विकास संस्था दर्ता | ४००.०० | |
| १०५ | आमा/महिला समूह/युवा क्लब/बाल क्लब (टोलस्तरीय) | ४००.०० | |
| १०६ | संघ संस्था सूचिकृत (राष्ट्रिय) | २,५००.०० | |
| १०७ | संघ संस्था सूचिकृत (अन्तराष्ट्रिय) | ५,०००.०० | |
| १०८ | सामुदायिक वन सूचिकृत | १,०००.०० | |
| | **निर्माण व्यवसायी तथा कम्पनी दर्ता/सूचिकरण** | | |

| | | | |
|---|---|---|---|
| १०९ | निर्माण व्यवसायीहरुलाई कार्यविधिले तोकेको न्यूनताम औजारमा शुल्क नलाग्ने, सो भन्दा बढी भएमा सूचिकृत/दर्ता शुल्क लाग्ने | | |
| क) | "क" वर्ग | १०,१००.०० | |
| ख) | "ख" वर्ग | ८,६००.०० | |
| ग) | "ग" वर्ग | ७,१००.०० | |
| ११० | "घ" वर्ग अनुमति/दर्ता | १०,०००.०० | |
| क) | "घ" वर्ग नविकरण | ६,६००.०० | |
| ख) | "घ" वर्ग सूचिकरण | ६,६००.०० | |
| ग) | "घ" वर्ग नविकरण १ बर्षसम्म जरिवाना सहित | ६,६०० * २ =१३,२००.०० | |
| घ) | "घ" वर्ग नविकरण १ बर्ष माथि जरिवाना | ६,६०० * कति वर्ष = ? | |
| ङ) | प्रमाणपत्र प्रतिलिपी | १,०००.०० | |
| च) | नामसारी | १०,०००.०० | |
| छ) | हकवाला नामसारी | १,५००.०० | |
| ज) | "घ" वर्ग नयाँ दर्ता फारम/नविकरण फारम | १००.०० | |
| झ) | ठाँऊ सारी/ठाँऊसारी दर्ता | ६,६००.०० | |
| १११ | कन्सल्टेन्ट/कम्पनी दर्ता | ४,५००.०० | |
| ११२ | कन्सल्टेन्ट/कम्पनी नविकरण | ३,५००.०० | |
| ११३ | रियल स्टेट/घर जग्गा कारोबार | ३,५००.०० | |
| ११४ | अनधिकृत बस्तु तथा सामाग्रीहरु राखेमा जरिवाना | | |
| क) | निर्माण सामाग्री | ५,०००.०० | |
| ख) | अन्य सामाग्री | १,०००.०० | |
| | **स्वास्थ्य तर्फ** | | |
| ११५ | क. नर्सिङ होम, निजी अस्पताल | १५,०००.०० | |

| | | | |
|---|---|---|---|
| | ख. पोलि क्लिनिक, ल्याब, डेन्टल | १०,००० | |
| ११६ | क. औषधी पसल (थोक) | ८,०००.०० | |
| | ख. औषधी पसल/आर्युवेद समेत (खुद्रा) | ६,०००.० | |
| | ग. औषधी पसल संगै ल्याब वा एक्सरे आदि भए सेवाको थप लिने रकम | २,००० | |
| | **कृषि तथा पशु तर्फ** | | |
| ११७ | क. पशुजन्य औषधी विक्री फर्म/पसल दर्ता | २,५००.०० | |
| | ख. कृषिजन्य औषधी विक्री फर्म/पसल दर्ता | २,५००.०० | |
| ११८ | रासायनिक मल विक्रेता अनुमति | १०००.०० | |
| ११९ | क. कृषि जन्य फर्म दर्ता | ५००.०० | |
| | ख. पशु जन्य फर्म दर्ता | ५००.०० | |
| | ग. कृषि तथा पशु/पंक्षी एकिकृत फर्म/पसल दर्ता | ७००.०० | |
| | घ. कृषक समूह दर्ता | १०००.०० | |
| १२० | गोबर परीक्षण | ३०.०० | |
| १२१ | गर्व परीक्षण | १००.०० | |
| १२२ | सुई लगाएको | | |
| क) | ठूलो पशु | ५०.०० | |
| ख) | सानो पशु | ३०.०० | |
| १२३ | स्वास्थ्य परीक्षण | | |
| क) | ठूलो पशु | १००.०० | |
| ख) | सानो पशु | ५०.०० | |
| १२४ | सिंङ काटेको | | |
| क) | ठूलो पशु | १००.०० | |
| ख) | सानो पशु | ५०.०० | |
| १२५ | कास्ट्रेशन | | |
| क) | बहर | १००.०० | |

| | | | |
|---|---|---|---|
| ख) | बंगुर | ५०.०० | |
| ग) | बोका | २०.०० | |
| १२६ | हाईटेक टनेल प्रवेश शुल्क | | |
| क) | विद्यार्थी | २०.०० | |
| ख) | सर्वसाधारण | ५०.०० | |
| ग) | समूह/संस्थागत | ५००.०० | |
| | **पेशागत सूचिकरण** | | |
| १२७ | लेखा परीक्षक सूचिकृत दस्तुर | २,०००.०० | |
| १२८ | CA(चार्टर एकाउन्टेन्ट) सूचिकृत दस्तुर | ३,०००.०० | |
| १२९ | लेखापढी सूचिकृत दस्तुर | १,०००.०० | |
| १३० | डाक्टर सूचिकृत दस्तुर | ३,०००.०० | |
| १३१ | डाक्टर (स्पेसलिष्ट) सूचिकृत दस्तुर | ३,५००.०० | |
| १३२ | वकिल सूचिकृत दस्तुर | २,५००.०० | |
| १३३ | कामदार सुचीकरण शुल्क | | |
| क) | दक्ष कामदार | ५००.०० | |
| ख) | अर्ध दक्ष कामदार | २००.०० | |
| ग) | अदक्ष कामदार | १५०.०० | |
| १३४ | नगरपालिकाको बैठक हल भाडा (दैनिक) | १,०००.०० | |
| १३५ | मौजूदा सूचीमा सूचीकृत शुल्क | ५००.०० | |
| १३६ | सेफ्टी टंकी सफाई (प्रति टंकर) | २,५००.०० | |
| १३७ | क. अमिन शुल्क वडा नं १, ९ र १० प्रति कित्ता | ३,०००.०० | |
| | ख. अमिन शुल्क वडा नं २, ३ र ८ प्रति कित्ता | २,५००.०० | |
| | ग. अमिन शुल्क वडा नं ४, ५, ६ र ७ प्रति कित्ता | २,०००.०० | |
| २) | **सिफारिसको प्रकार र दस्तुर दर** | | |
| **क्र.सं.** | **शिर्षक** | **दर** | |
| १ | सामान्य प्रकृतिका सिफारिस गर्ने | १००.०० | |

| | | | |
|---|---|---|---|
| २ | ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, जनजाति भनी सिफारिस | १००.०० | |
| ३ | बसोबास प्रमाणित | ५००.०० | |
| ४ | नागरिकता सिफारिस | १५०.०० | |
| ५ | नाता प्रमाणित सिफारिस | २००.०० | |
| ६ | अविवाहित प्रमाणित | ५००.०० | |
| ७ | हकवाला/हकदार/अंशियार प्रमाणित | १,०००.०० | |
| ८ | आन्तरिक बसाईसराई सिफारिस पत्र | १,०००.०० | |
| ९ | पेन्सन केश सिफारिस | ५००.०० | |
| १० | अंग्रेजी नाता प्रमाणित | ७००.०० | |
| ११ | चौकिल्ला बैंक प्रयोजन (१ कित्ता ) | २००.०० | |
| क) | थप प्रति कित्ता थप | ५०.०० | |
| १२ | जग्गा धनी पुर्जा हराएको सिफारिस | ५००.०० | |
| १३ | जग्गा धनी पुर्जा र नागरिकतामा नाम थर फरक परेको | ३००.०० | |
| १४ | जग्गा रेखाङ्कन र अन्य कार्यमा रोहोवर | ५००.०० | |
| १५ | रजिष्ट्रेसन प्रयोजन घर बाटो एकिन | | |
| क) | बाटो नभएको | ३००.०० | |
| ख) | बाटो खुलेको भित्री बाटो | ५००.०० | |
| ग) | सहायक बाटो क्षेत्र | ८००.०० | |
| घ) | मुख्य बाटो (मूख्य बाटो भन्नाले राष्ट्रिय राजमार्ग, प्रदेश राजमार्ग, जिल्ला स्तरिय मो.बाटो र न.पा.ले तोकेको बाटोहरु जोड्ने १२ मिटर भन्दा बढीको बाटोहरु बुझिनेछ ।) | १,२००.०० | |
| | जोडिएको कित्ताको हकमा प्रति कित्ता रु.१०० का दरले थप हुदै जानेछ। छुट्टै कित्ताको हकमा नियम अनुसार हुनेछ । | | |
| १६ | स्वदेशी सम्पत्ति मुल्याङ्कन सिफारिस एवं आयश्रोत निर्धारण | | |
| क) | १० लाखसम्म | ८००.०० | |
| ख) | २० लाखसम्म | १,२००.०० | |
| ग) | २० लाख भन्दा माथि/प्रति हजार | ७५ पैसा प्रति हजार | |

| | | | |
|---|---|---|---|
| १७ | वैदेशिक सम्पत्ति मुल्याङ्कन सिफारिस एवं आयश्रोत निर्धारण | | |
| क) | ३ लाखसम्म | ३५०.०० | |
| ख) | १० लाखसम्म | ५५०.०० | |
| ग) | २० लाखसम्म | ८००.०० | |
| घ) | २० लाखभन्दा माथि/प्रति हजार | ७५ पैसा प्रति हजार | |
| १८ | घटना दर्ता विलम्ब शुल्क | २००.०० | |
| १९ | घटना दर्ता प्रतिलिपि | ५००.०० | |
| २० | घर प्रमाणित तर्फ | | |
| क) | १ तलाको | ५००.०० | |
| ख) | २ तलाको | ६००.०० | |
| ग) | ३ तलाको | ७००.०० | |
| घ) | ४ तलामाथि | १,२००.०० | |
| ङ) | कच्ची घरको हकमा मासिकको दरमा ५०% | | |
| २१ | उद्योग स्थापना सिफारिस | | |
| क) | वडा कार्यालयबाट सिफारिस | १००.०० | |
| ख) | नगरपालिका कार्यालयबाट सिफारिस | १,०००.०० | |
| ग) | ठाउँसारी | ५००.०० | |
| घ) | सर्जमिन मुचुल्का | ५००.०० | |
| २२ | अंग्रेजी सिफारिस | ५००.०० | |
| २३ | निवेदन शुल्क | १०.०० | |
| २४ | नक्सापास नामसारी (नगर) | १,५००.०० | |
| २५ | विद्युत मिटर जडान सिफारिस | | |
| क) | व्यक्तिगत | ३००.०० | |
| ख) | सामुहिक | ५००.०० | |
| ग) | संघ, संस्था, कार्यालय | ५००.०० | |
| घ) | अस्थायी कार्यक्रमका लागि | १,०००.०० | |
| ङ) | अस्थायी वसोवास | ५००.०० | |
| २६ | खानेपानी धारा सिफारिस | | |

| | | | |
|---|---|---|---|
| क) | व्यक्तिगत धारा | ३००.०० | |
| ख) | सामूहिक धारा | ५००.०० | |
| ग) | संस्थागत धारा | ७००.०० | |
| २७ | घरबाटो प्रमाणित प्रति कित्ता | ५००.०० | |
| | जोडिएको कित्ताको हकमा प्रति कित्ता रु.१०० का दरले थप हुदै जानेछ । छुट्टै कित्ताको हकमा नियम अनुसार हुनेछ । | | |
| २८ | नाम, थर फरक सिफारिस | ४००.०० | |
| २९ | घर जग्गा नामसारी सिफारिस | ६००.०० | |
| ३० | अंशवन्डा सिफारिस | ४००.०० | |
| ३१ | बैदेशिक काम प्रयोजन सिफारिस (भारत बाहेक) | ६००.०० | |
| ३२ | बैदेशिक काम प्रयोजन सिफारिस भारत | ३००.०० | |
| ३३ | बकस पत्र | १,५००.०० | |
| ३४ | consuler प्रमाणित प्रति पृष्ठ | २००.०० | |
| ३५ | श्रेस्ता कायम सिफारिस | ५००.०० | |
| ३६ | अपूताली | १,५००.०० | |
| ३७ | सर्जमिन दस्तूर | ५००.०० | |
| ३८ | प्राविधिक प्रतिवेदन | ७००.०० | |
| ३९ | दलित/जनजाती वा अन्य प्रमाणित/सिफारिस | ३००.०० | |
| ४० | खयर, साल, सीसौ कटानी सिफारिस (२० वटा रुख भन्दा माथि भए थप प्रति रुख १००/-) | १,०००.०० | |
| ४१ | जडीवुटी तथा अम्रिसो निकासी | प्रति के.जी. २५ पै | |
| ४२ | रुख छाटकाट झाडी सफाई | | |
| क) | घरायसी प्रयोजन | | |
| १ | दाउरा | ३००.०० | |
| २ | काठ | ५००.०० | |
| ख) | बिक्रि प्रयोजन | | |
| १ | दाउरा | ५००.०० | |

| | | | |
|---|---|---|---|
| २ | काठ | १,०००.०० | |
| ४३ | न्यायिक समितिमा निवेदन दस्तुर | ५००.०० | |
| ४४ | संघ संस्था/पसल/व्यवसाय खारेजी (दर्ता गर्दा लाग्ने शुल्कको ५०% रकम) | | |
| ४५ | संघ संस्था/पसल/व्यवसाय नामसारी | १,१००.०० | |
| ४६ | घटना दर्ता संशोधन | ५००.०० | |
| ४७ | घरायसी लेनदेन तमसुक प्रमाणित | ५००.०० | |
| ४८ | नक्शा दरखास्त फारम (किताव) | १०००.०० | |
| ४९ | योजना किताव | ३५०.०० | |
| ५० | कृषि तथा पशु जन्य फर्म दर्ता सिफारिस दस्तुर | १००.०० | |
| ५१ | घर नक्सा प्रमाणपत्र दस्तुर | १०००.०० | |
| ५२ | घर नक्सा नामसारी दस्तुर | ७५०.०० | |

**पुनश्चः**

क) माथि उल्लेख हुन छुट भएको विषयमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

ख) नगरपालिकालाई तिर्नुपर्ने कर, सेवा शुल्क आदि भुक्तान समयमा नगरेमा नगरपालिकाले दिने सेवा सुविधा, सिफारिस उपलब्ध नगराउन सक्नेछ।

ग) व्यवसाय दर्ता एंव सूचिकरण आ.व समाप्त भएको मितिले ३ (तिन) महिना – असोज भित्र नविकारण गर्नुपर्नेछ।सो भन्दा चैत्र महिना सम्म गर्नु परेमा ५% जरिवाना र असार मसान्त सम्म नविकारण गर्नु परेमा १०% जरिवाना लाग्नेछ। विगतको नविकरण गर्दा सोही आ.व को दरमा हुनेछ।

**ग) घर नक्सापास दस्तुरः–**

१. Plinth Area १००० वर्ग फिट वा सो भन्दा कम भएमा

- भूमिगत तलाः- रु. ५/०० प्रति बर्ग फुट
- भुइ तलाः- रु. ६/०० प्रति बर्गफुट र सो भन्दा माथिका तलाहरुको प्रत्येक तलामा प्रति बर्गफुट रु.१/०० का दरले बृद्धि हुँदै जानेछ।

२. Plinth Area १००० वर्ग फिट भन्दा बढी भएमा

- भूमिगत तलाः- रु. ७/०० प्रति बर्गफुट
- भुइ तलाः- रु. ८/०० प्रति बर्गफुट र सो भन्दा माथिका तलाहरुको प्रत्येक तलामा प्रति बर्गफुट रु.१/०० का दरले बृद्धि हुंदै जानेछ।

**पुरानो छुटपुटका घरहरुको अभिलेखीकरण दर्ता दस्तुरः**

३. Plinth Area १००० वर्ग फिट भन्दा कम भएमा

- भूमिगत तलाः- रु. ७/०० प्रति बर्ग फुट
- भुइ तलाः- रु. ८/०० प्रति बर्गफुट र सो भन्दा माथिका तलाहरुको प्रत्येक तलामा प्रति बर्गफुट रु.१/०० का दरले बृद्धि हुँदै जानेछ ।

४. Plinth Area १००० वर्ग फिट भन्दा बढी भएमा

- भूमिगत तलाः- रु. ९/०० प्रति बर्गफुट
- भुइ तलाः- रु. १०/०० प्रति बर्गफुट र सो भन्दा माथिका तलाहरुको प्रत्येक तलामा प्रति बर्गफुट रु.१/०० का दरले बृद्धि हुँदै जानेछ ।

५. घ वर्ग का घर तथा अस्थायी घर टहराहरुको रु ३ प्रतिवर्ग फिट

६. पुरानो घर स्थलगत निरीक्षण शुल्क :- रु १४७५/-

७. नयाँ घर स्थलगत निरीक्षण शुल्क :- रु १९७५/-

## अनुसुची ४

## मनोरन्जन, विज्ञापन, जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.स | शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| १ | डान्स बार/रोदीघर दर्ता | १०,०००.०० | |
| २ | डान्स बार/रोदीघर नविकरण | ८,०००.०० | |
| ३ | नाटक तथा मनोरञ्जन प्रर्दशन | ५००.०० प्रति दिन | |
| ४ | हाड, सीङ, प्वाख छाला निकासी | प्रति के.जी. २५ पैसा | |
| ५ | नगर क्षेत्रभित्र राखिने होडीङ्ग वोर्ड/व्यानर | प्रति स्कवायर फिट ५०.०० | |

## अनुसुची ५

### १. घर वहाल कर

क) वहाल रकमको १०% हुनेछ ।

### २. पर्यटक शुल्क

| क्र.सं. | शिर्षक | रकम (रु) | अवधि |
|---|---|---|---|
| १ | सार्क वाहेकका अन्य देशका विदेशी पर्यटक | ५००.०० | १ महिना सम्म |
| | | १,०००.०० | १ महिना भन्दा बढी |
| २ | सार्क मुलुकका पर्यटक ( भारत वाहेक) | २००.०० | १ महिना सम्म |
| | | ५००.०० | १ महिना भन्दा बढी |